# स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।३।३

संशोधन गर्ने ऐन

| | |
|---|---|
| केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ | २०७६।५।४ |
| स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ | २०७७।३।११ |

संवत् २०७५ सालको ऐन नं. ४

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको संविधानमा गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यहरूको सुविधा प्रदेश कानुन बमोजिम हुने व्यवस्था भए बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२७ वमोजिम ♣सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ र सो शव्दले जिल्ला समन्वय समितिको उपप्रमुखलाई समेत सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिकालाई समेत सम्झनु पर्छ।

(छ) "पदाधिकारी" भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा जिल्ला समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "प्रदेश" भन्नाले ♣सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ र सो शव्दले जिल्ला समन्वय समितिको प्रमुख समेत सम्झनु पर्छ ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

(ञ) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत सम्झनु पर्छ ।

(ठ) "समन्वय समिति प्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ड) "समन्वय समिति उपप्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनु पर्छ ।

(ण) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२०, २२२ र २२३ बमोजिमको गाउँ सभा वा नगर सभा वा जिल्ला सभाका सदस्य सम्झनु पर्छ ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनु पर्छ ।

♥३. सुविधा : (१) गाउँ कार्यपालिका, नगर कार्यपालिका, उपमहानगर कार्यपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष र कार्यपालिकाका सदस्यले क्रमश : अनुसूची १ (क), अनुसूची १ (ख) र अनुसूची १ (ग) मा उल्लेख भए बमोजिमको सुविधा पाउने छन् ।

(२) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले अनुसूची-१ (घ) मा उल्लेख भए बमोजिमको सुविधा पाउने छन् ।

(३) गाउँ सभा, नगर सभा र उपमहानगर सभाका सदस्यले अनुसूची-१ (ङ) मा उल्लेख भए बमोजिमको सुविधा पाउने छन् ।

(४) उपदफा (१), (२) र (३) बमोजिमका पदाधिकारीहरू बैठकमा जतिसुकै पटक सहभागी भए पनि एक महिनामा अनुसूचीमा उल्लिखित बैठक संख्या अनुसार मात्र बैठक भत्ता पाउने छन् ।

(५) उपदफा (१), (२) र (३) बमोजिमका पदाधिकारीहरूले अनुसूचीहरूमा उल्लेख गरिएका सुविधाहरू २०७६ साल कार्तिक महिनादेखि पाउने छन् ।

✂४. ...........

✂५. ............

✂६. ...............

✂७. ...............

८. दृष्टिविहीन वा अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा : (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य, दृष्टिविहीन वा शारीरिक रूपले अशक्त भई हिंडडुल गर्न नसकी निजलाई सहयोगीको सेवा आवश्यक भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको साथमा रहने निजले रोजेको एक जना सहयोगी उपलब्ध गराउन सक्नेछ ।

♥ पहिलो संशोधनद्वारा संशोधित

✂ पहिलो संशोधनद्वारा झिकिएको

♥(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई मासिक रूपमा पन्ध्र हजारमा नबढ्ने गरी सभाले तोके बमोजिमको सहयोगी भत्ता उपलब्ध गराउन सक्नेछ ।

९. भत्ता तथा सुविधा वापतको रकम भुक्तानी : (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने ✂.............. भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सोमार्फत् भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई मासिक रूपमा पन्ध्र हजारमा नबढ्ने गरी सभाले तोके बमोजिमको सहयोगी भत्ता उपलब्ध गराउन सक्नेछ ।

१०. भत्ता नपाउने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बन भएमा त्यस्तो निलम्बन अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर, त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाइ पाएमा निजले दफा ३ बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

११. सुविधा कम हुने गरी निर्णय गर्न सक्ने : यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो श्रोत तथा क्षमताका आधारमा कम हुने गरी सम्बन्धित सभाले निर्णय गर्न सक्नेछ ।

१२. अन्य सुविधा लिन नहुने : स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् ।

१३. अनुसूचीमा हेरफेर गर्न सक्ने : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभा सदस्यको यस ऐन बमोजिम उपलब्ध भइरहेको सुविधामा नघट्ने गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१४. सार्वजनिक गर्नु पर्ने : स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरू सार्वजनिक गर्नु पर्नेछ ।

१५. सेवा लिन सक्ने : स्थानीय तहका उपप्रमुख वा उपाध्यक्षलाई कानुनी राय सल्लाह सुझाव लिनका लागि एक जना कानुन अधिकृतस्तरको सेवा सुविधा पाउने गरी स्थानीय निकायले सेवा लिन सक्नेछ ।

१६. बचाऊ : यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि सभाको निर्णय बमोजिम पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा ब्यबस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित

अनुसूची-१

✂…………

♦अनुसूची-१ (क)अ

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र गाउँ कार्यपालिकाका सदस्यको सुविधा

| क्र. सं. | सुविधाको प्रकार | इकाइ | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | - | ५०० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ६००० | ५००० | ३५०० | ३००० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ५००० | ४५०० | ४००० | ३००० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | ९००० | ७००० | ६००० | ५००० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ९००० | ७००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९ | सवारी साधन | संख्या | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/सरसफाइ (मासिक) | रु. | ३५०० | ३००० | २००० | २००० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | २५००० | २२५०० | १६००० | ९००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | १०००० (सुविधाको सवारी साधन उपलब्ध नभएमा) | ९००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | २००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

नोटः

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) सम्बन्धित स्थानीय तहबाट कुनै पनि सवारी साधन उपलव्ध नभएको कार्यपालिका सदस्यलाई मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको

♦ पहिलो संशोधनद्वारा थप

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा अध्यक्षलाई अधिकतम १५० लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपाध्यक्षलाई अधिकतम १२५ लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर र वडा अध्यक्षलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २० लिटर इन्धन मासिक र तीन महिनामा मोबिल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन गाउँ सभाले निर्णय गर्न सक्नेछ ।

(५) ईन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन गाउँ सभाले निर्णय गरे बमोजिम हुनेछ ।

♦अनुसूची-१ (ख)

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा

| क्र. सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | - | ५०० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ७००० | ६००० | ४००० | ३५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ६५०० | ५००० | ४००० | ३५०० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | १०००० | ९००० | ६५०० | ६००० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | ११००० | १०००० | ८००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९ | सवारी साधन वा यातायात खर्च | संख्या | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/ सरसफाइ (मासिक) | रु. | ४००० | ३५०० | २५०० | २५०० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | २७५०० | २५००० | १८००० | १०००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | - | १०००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | २५०० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

नोटः

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) सम्बन्धित स्थानीय तहबाट कुनै पनि सवारी साधन उपलव्ध नभएको कार्यपालिका सदस्यलाई मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

♦ पहिलो संशोधनद्वारा थप

(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम १७० लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १५० लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर र वडा अध्यक्षलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लिटर इन्धन मासिक र तीन महिनामा मोबिल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन नगर सभाले निर्णय गर्न सक्नेछ ।

(५) इन्धन सुविधा लिने पदाधिकारीहरूले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

♦अनुसूची-१ (ग)

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

उपमहानगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा

| क्र. सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | - | ५०० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ८००० | ७००० | ५००० | ३५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ८००० | ६००० | ६००० | ५००० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | १२००० | १०५०० | ६५०० | ६५०० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | ११५०० | १०५०० | ७००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | २१०० | २००० | १६०० | १६०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० | १५० |
| ९ | सवारी साधन | संख्या | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/सरसफाइ (मासिक) | रु. | ४५०० | ४५०० | २५०० | २००० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | २९००० | २७५०० | २०००० | १५००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | - | १०००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | २५०० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

नोटः

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) सम्बन्धित स्थानीय तहबाट कुनै पनि सवारी साधन उपलव्ध नभएको कार्यपालिका सदस्यलाई मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

♦ पहिलो संशोधनद्वारा थप

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) क्र.सं. ९ बमोजिम ४ पाङ्ग्रे सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम २०० लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १७५ लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर र वडा अध्यक्षलाई दुई पाङ्ग्रे सवारी साधनको लागि अधिकतम २५ लिटर इन्धन र तीन महिनामा मोबिल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन नगर सभाले निर्णय गर्न सक्नेछ ।

(५) इन्धन सुविधा लिने पदाधिकारीहरूले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

(६) न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन नगर सभाले निर्णय गरे बमोजिम हुनेछ ।

♦अनुसूची-१ (घ)

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

<u>जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा</u>

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | सदस्य |
|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | - | - | १००० |
| ३ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ८००० | ७००० | ६००० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ८००० | ६५०० | ५००० |
| ५ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो जिल्लाभित्र) (मासिक) | रु. | १२००० | १०००० | ५००० |
| ६ | अतिथि सत्कार (मासिक) | रु. | ११५०० | ११००० | - |
| ७ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | २१५० | २१०० | १६०० |
| ८ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० |
| ९ | सवारी साधन | संख्या | १ | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | १० लाख |
| ११ | खानेपानी/बिजुली/सरसफाइ (मासिक) | रु. | ५००० | ४००० | २५०० |
| १२ | चाडपर्व खर्च (वार्षिक) | रु. | ३०००० | २८००० | १५००० |
| १३ | यातायात खर्च (मासिक) | रु. | - | ९००० (सरकारी सवारी साधन उपलब्ध नभएमा) | - |

नोटः

(१) क्र.सं. १ को भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठकसम्मको बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) सम्बन्धित जिल्ला समन्वय समितिबाट कुनै पनि सवारी साधन उपलब्ध नभएको खण्डमा मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलब्ध गराउनु पर्नेछ ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) क्र.सं. ९ बमोजिम सवारी साधन उपलब्ध भएको खण्डमा प्रमुखलाई अधिकतम २२५ लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर, क्र.सं. ९ बमोजिम सवारी साधनको सुविधा नभएका तर चार पाङ्ग्रे सरकारी सवारी साधन प्रयोग गर्ने उपप्रमुखलाई अधिकतम १२५ लिटर इन्धन मासिक र तीन महिनामा मोबिल पाँच लिटर तथा सदस्यलाई अधिकतम १० लिटर इन्धन मासिक र तीन महिनामा मोबिल एक लिटरभन्दा नबढ्ने गरी उपलब्ध गराउन जिल्ला सभाले निर्णय गर्न सक्नेछ ।

(५) इन्धन सुविधा लिने पदाधिकारीहरूले अनुसूचीको क्र.सं. १३ बमोजिम यातायात खर्चको सुविधा पाउने छैनन् ।

---

♦ पहिलो संशोधनद्वारा थप

♦अनुसूची-१ (ङ)

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

गाउँ सभा, नगर सभा र उपमहानगर सभाका सदस्यको सुविधा

| क्र. सं. | सुविधाको प्रकार | इकाइ | उपमहानगर सभा सदस्य | नगर सभा सदस्य | गाउँ सभा सदस्य |
|---|---|---|---|---|---|
| १ | बैठक भत्ता (प्रति बैठक) | रु. | १००० | १००० | १००० |
| २ | यातायात खर्च (प्रति बैठक) | रु. | ५०० | ५०० | ५०० |
| ३ | पुस्तक, पत्रपत्रिका (मासिक) | रु. | ३००० | २५०० | २००० |
| ४ | संचार, टेलिफोन/इन्टरनेट (मासिक) | रु. | ३००० | २००० | २००० |
| ५ | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा बाहिर/प्रतिदिन) | रु. | १६०० | १५०० | १२०० |
| ६ | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १२५ | १२५ |
| ७ | समन्वय तथा सहजीकरण भत्ता (आफ्नो स्थानीय तहभित्र) (मासिक) | रु. | ५००० | ४००० | ३००० |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | - | - | - |
| ९ | खानेपानी/बिजुली/सरसफाइ (मासिक) | रु. | १५०० | १००० | १००० |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १०००००० | १०००००० | १०००००० |
| ११ | चाडपर्व खर्च (वार्षिक) | रु. | १०००० | ८००० | ७००० |

नोटः

(१) क्र.सं. ५ र ६ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

द्रष्टव्य : यस ऐन बमोजिमका पदाधिकारी, सदस्य तथा सभाका सदस्यहरूले छिमेकी राष्ट्र भारतको चेन्नाई, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकत्ता र वंगलादेशको ढाका र चटगाउँ बाहेक ती मुलुकहरूको अन्य स्थानमा रात बिताउने गरी भ्रमण गर्दा अनुसूची १ (क), १ (ख), १ (ग), १ (घ) र १ (ङ) मा उल्लिखित विदेश भ्रमण भत्ताको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

♦ पहिलो संशोधनद्वारा थप

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

स्थानीय तहका पदाधिकारी, सदस्य र सभाका सदस्यको

**<u>पद तथा गोपनीयताको शपथ</u>**

म ................ (पूरा नाम) ..................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठतापूर्वक प्रतिज्ञा गर्दछु र ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रही ......................... स्थानीय तहको ......................... पदको कामकाज प्रचलित कानुनको अधिनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मितिः

नाम, थरः                                        दस्तखतः

⊗⊗⊗